# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

**भिमाद, तनहुँ**

**Bhimad, Tanahun**

२०७३ / **2073**

**प.सं.** / Ref No.: ०७९/०८०　　　　　　　　**गण्डकी प्रदेश, नेपाल**

**च.नं.** / Des No.:　　　　　　　　**Gandaki Province, Nepal**

मितिः २०७९/०४/१०

### प्रेस विज्ञप्ती

रेडियो ढोरबाराही 103.8 MHZ मा ९ साउन, २०७९ मा **"भिमाद नगरपालिकाका वडा अध्यक्षहरुले लिए दोहोरो यातायात सुविधा असुल गर्न निर्देशन"** शीर्षकमा प्रकाशित समाचार प्रति भिमाद नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

तत्कालिन वडा अध्यक्षहरु इमानबहादुर थापा ,सूर्यकुमार श्रेष्ठ, बुद्धिमान श्रेष्ठ, डम्वरबहादुर राना ,भुपेन्द्रराज मल्ल,भवानीशंकर लम्साल र हाल बहालवाला वडा अध्यक्ष पदमबहादुर थापाले महालेखापरिक्षक कार्यालयको आ.व. २०७७।०७८ को प्रतिवेदनमा औल्याएको असुल उपर गर्नुपर्ने बेरुजु रकम रु. १,२४,७४०।— (अक्षेरुपी एक लाख चौबिस हजार सात सय चालिस मात्र ) मिति २०७८।१२।१४ मा यस कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला भईसकेको र उक्त दाखिला भौचरको आधारमा प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भई महालेखा परिक्षकको कार्यालयबाट मिति २०७९/०३/२६ मा बेरुजु संपरिक्षण भएको पत्र समेत प्राप्त भईसकेको हुँदा आगामी दिनहरुमा यस्ता समाचार प्रकाशन र प्रशारण गर्दा कार्यालयसंग जानकारी लिई आधिकारिता बुझी प्रकाशन तथा प्रसारण हुनेछ भन्ने विषयमा कार्यालयको अपेक्षा रहेको व्यहोरा जानकारीको लागी यो प्रेश विज्ञप्ती जारी गरिएको छ।

२०७९/४/१०

अर्जुनप्रसाद पौडेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

फोन नंः ०६५-५७२४३६, Phone Number: 065-572436　　ठेगाना/ Address: X3HJ+3P Bhimad
ईमेल / Email : info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com　　वेवसाईट / Website : bhimadmun.gov.np